बैठक संख्याः ११

स्थानः गल्छी गाउँपालिका गाउँकार्यपालिकाको हल गल्छी ६, बैरेनी ।

मितिः २०८२/०२/१४

समयः दिउँसो १:०० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडाको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी निम्नलिखित विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

१. अध्यक्ष श्री केदारनाथ खतिवडा - गल्छी गाउँपालिका

२. उपाध्यक्ष श्री भाईकाजी तिवारी - गल्छी गाउँपालिका

३. सदस्य श्री यदु कुमार खतिवडा - गल्छी गाउँपालिका

४. सदस्य श्री षडानन्द खनाल - गल्छी गाउँपालिका

५. सदस्य श्री राजन भुजेल - गल्छी गाउँपालिका

६. सदस्य श्री राजु अधिकारी - गल्छी गाउँपालिका

७. सदस्य श्री सरोज लामा तामाङ - गल्छी गाउँपालिका

८. सदस्य श्री दिपक कुमार कार्की - गल्छी गाउँपालिका

९. सदस्य श्री हरि प्रसाद खतिवडा - गल्छी गाउँपालिका

१०. सदस्य श्री विशाल लुङ्गेली मगर - गल्छी गाउँपालिका

११. सदस्य श्री भेष कुमारी खनाल - गल्छी गाउँपालिका

१२. सदस्य श्री तुलसी अधिकारी - गल्छी गाउँपालिका

१३. सदस्य श्री दिलमाया तामाङ - गल्छी गाउँपालिका

१४. सदस्य श्री जानुका धिताल - गल्छी गाउँपालिका

१५. सदस्य श्री सृजना घले - गल्छी गाउँपालिका

१६. सदस्य श्री रमेश भुजेल - गल्छी गाउँपालिका

१७. सदस्य सचिव श्री कृष्णहरि पौडेल - प्रमुख प्रशासकीय अधिकृत

<u>अन्य आमन्त्रित</u>

१. शिव प्रसाद पौडेल अ.हे.व.

# बैठक संख्याः ११, मितिः २०८२ जेष्ठ १४

## निर्णयहरु

**प्रस्ताव नं १ - आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको तयारी सम्बन्धी आवश्यक छलफल सम्बन्धमा**

निर्णय नं १ — प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको तयारी सम्बन्धमा कार्यालयका विभिन्न विषयगत शाखाहरु, वडा कार्यालयहरु, शैक्षिक एवं स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्न कार्यालय प्रमुख मार्फत सम्बन्धित शाखा प्रमुखहरुलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं २ - आगामी आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रमको तयारी सम्बन्धमा**

निर्णय नं २ — प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको आगामी आ.व. २०८२/८३ को वार्षिक वजेट तथा कार्यक्रमको तयारी सम्वन्धमा कार्यालयका विभिन्न विषयगत शाखाहरु र वडा कार्यालयहरुसँग समन्वय गरी वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। यस सम्बन्धमा वडा कार्यालयहरुलाई आ.व. २०८२/८३ को वार्षिक वजेट तथा कार्यक्रमा समावेश हुने योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरणको सूची आगामी जेष्ठ २५ गतेभित्र वडा समितिमार्फत गाउँकार्यपालिकाको कार्यालयमा पठाउने साथै विषयगत शाखाहरुले गत वर्षको वजेटको सीमाभित्र रही कार्यान्वयनययोग्य शाखागत वजेट प्रक्षेपण आगामी जेष्ठ २५ गतेभित्र कार्यालय प्रमुखलाई पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं ३ — नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन (आ.व. २०८२/८३) सम्बन्धमा**

निर्णय नं ३ — प्रस्ताव नं ३ को सम्वन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको आगामी आ.व. २०८२/८३ को आन्तरिक आयतर्फको प्रारम्भिक वातावरणीय परीक्षण र अन्य प्रचलित कानून बमोजिम जम्मा मूल्य रु. ५ करोड २४ लाख (भ्याट बाहेक) कायम गरी नदीजन्य पदार्थको ठेक्का खोल्ने निर्णय गरियो।

**प्रस्ताव नं ४ — स्थानीय रोजगार रणनीति तर्जुमा, अद्यावधिकरण, कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रबर्द्धन अभियान कार्यक्रम सम्बन्धमा**

<u>बैठक संख्याः ११, मितिः २०८२ जेष्ठ १४</u>

<u>निर्णयहरु</u>

निर्णय नं ४ — प्रस्ताव नं ४ को सम्बन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय रोजगार रणनीति तर्जुमा, अद्यावधिकरण, कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रबर्द्धन अभियान कार्यक्रम पालिकास्तरमा सञ्चालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ५ — विज्ञान विषयको शिक्षक नियुक्तिको लागि योग्यता सम्बन्धमा**

निर्णय नं ५ — प्रस्ताव नं ५ को सम्वन्धमा छलफल गर्दा गल्छी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त दरबन्दीमा विज्ञान विषयको शिक्षक नियुक्तिको उम्मेद्वार छनौट गर्दा दुई पटक सम्म विज्ञापन गर्दा पनि पदपुर्ति हुन नसकेको अवस्थामा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १० को खण्ड (च१) ले वाधा नपर्ने निर्णय गरियो।

**प्रस्ताव नं ६ — निकासी कर संकलनको लागि सरोकारवालालाई पत्राचार गर्ने सम्बन्धमा**

निर्णय नं ६ — प्रस्ताव नं ६ को सम्वन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको प्राकृतिक स्रोतमा लाग्ने निकासी कर संकलन गर्नको लागि सम्बन्धित् निर्माण व्यावसायीहरु र अन्य सरोकारवालाई पत्राचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ७ — कृषि उपज संकलन केन्द्र निर्माण सम्बन्धमा सम्बन्धमा**

निर्णय नं ७ — प्रस्ताव नं ७ को सम्वन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको वडा नं १ को कल्लेरीटारस्थित नयाँबारी टोलको कि.नं. २२७ को ०-८-३-३.४१ रोपनी जग्गा १० वर्षको लागि उपलब्ध गराउने शर्तमा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना र गाउँपालिकाको साझेदारीमा कूल लागत रु. १७,८५,७०९.४८ रकमको कृषि उपज संकलन केन्द्र (तरकारी र दूध) निर्माण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ८ — सवारी चालक नियुक्ती सम्बन्धमा**

निर्णय नं ८ — प्रस्ताव नं ८ को सम्वन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाले फोहोर संकलन गर्ने प्रयोग गरिरहेको गाडी चलाउने प्रयोजनको लागि १ जना हलुका सवारी चालक र बैरेनी अस्पतालको लागि १ जना एम्बुलेन्स ड्राइभर दैनिक ज्यालादारीमा नियुक्ती गर्ने निर्णय गरियो।

## बैठक संख्याः ११, मितिः २०८२ जेष्ठ १४

## निर्णयहरु

**प्रस्ताव नं ९ — सडक आश्रित बालबालिकामुक्त पालिका घोषणा सम्बन्धमा**

निर्णय नं ९ — प्रस्ताव नं ९ को सम्बन्धमा छलफल गर्दा गल्छी गाउँपालिकाको ८ वटै वडा कार्यालयवाट प्राप्त पत्रानुसार कुनै पनि वडामा सडक आश्रित वालवालिका नरहेकोले गाउँपालिकालाई सडक आश्रित वालवालिकामुक्त पालिका घोषणा गर्ने निर्णय गरियो।